त्रिभुवन विश्वविद्यालय

# धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

क्याम्पस प्रमुखद्धारा तयार पारिएको

## क्याम्पस सञ्चालनसम्बन्धी दूरदृष्टिसहितको समग्र व्यवस्थापन/सुधार कार्ययोजना - २०८१

(आ. व. २०८१/०८२-२०८४/२०८५)

प्रस्तुतकर्ता

सहप्रा. डा. सुदर्शन सिलवाल

क्याम्पस प्रमुख

१५ माघ, २०८१

## विषयसूची

| विषयसूची | | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | शैक्षिक अवस्था | २ |
| ३. | भौतिक सम्पति तथा अवस्था | २ |
| ४. | आदर्श वाक्य (Motto), दूरदृष्टि (Vision), ध्येय (Mission), मूल मान्यता (Value), उद्धेश्य (Objectives) र लक्ष्यहरू (Goals) | २ |
| ५. | सबल तथा कमजोरी पक्षहरू र अवसर तथा चुनौतीहरू (SWOT) को विश्लेषण | २ |
| ६. | आगामी पाँच वर्षपछि हुने धवलागिरि बहुमुखी क्याम्पसको स्वरूप | ७ |
| ७. | धवलागिरि बहुमुखी क्याम्पसको चार वर्षे समग्र व्यवस्थापन/सुधार कार्ययोजना (आ. व. २०८१ माघ २ देखि २०८५ माघ १ गते सम्म) | ११ |

सन्दर्भ सामग्रीसूची

# क्याम्पसको समग्र व्यवस्थापन/सुधार कार्ययोजना

## (आ. व. २०८१/०८२-२०८४/०८५)

**सहप्रा. डा. सुदर्शन सिलवाल**

### १. परिचय

त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो विश्वविद्यालय हो । यसले तीन चौथाईभन्दा बढी शिक्षाको भार बहन गर्दै आएको छ। धवलागिरि बहुमुखी क्याम्पस (धबक्या) यही विश्वविद्यालय अन्तर्गतको एउटा आङ्गिक क्याम्पस हो । यस क्याम्पसले यस क्षेत्रको ७० प्रतिशत भन्दा बढी विद्यार्थीहरुको भार बहन गरेको देखिन्छ। विश्वविद्यालय अनुदान आयोगका अनुसार त्रिविमा ६२ ओटा आङ्गिक र १०८२ वटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन् । यसका विभिन्न निकायहरुमा ७,६७४ कर्मचारीहरु र ८,३४० जना शिक्षकहरु कार्यरत रहेको छन् (बराल, २०८०)।

धवलागिरि बहुमुखी क्याम्पसको स्थापना वि.स. २०१९ साल भाद्र २ गते धवलागिरि महेन्द्र इन्टर कलेज को नामबाट भएको हो। आज यो क्याम्पस स्थापना भएको ६२ वर्ष भइसकेको छ। धवलागिरि क्षेत्रमा २२ वटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन्। यी सबै क्याम्पसहरुको अभिभावक क्याम्पसका रुपमा यो क्याम्पस रहेको छ।

मानविकी सङ्कायका विषयहरूबाट रात्रीकालीन कक्षा सञ्चालन गर्ने गरी स्थापना भएको यस क्याम्पसमा वि. सं. २०२३ ज्येष्ठ महिनादेखि प्रमाणपत्र तहको कक्षा सञ्चालन भएको पाइन्छ। यो क्याम्पस वि. स. २०३० मा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसमा परिणत भएको थियो । वि. सं. २०३५ देखि यस क्याम्पसमा मानविकी सङ्कायमा स्नातक तहको पढाइ सञ्चालन भएको देखिन्छ। हाल यस क्याम्पसमा तपसिलका विषयहरुमा स्नातकदेखि स्नातकोत्तर तहसम्मका विभिन्न विषयहरुमा पठनपाठन हुँदै आएको छ।

**तालिका १: क्याम्पसको वस्तुगत तथा विद्यमान अवस्था**

| क्र. स. | कार्यक्रम | वर्ष | कैफियत |
|---|---|---|---|
| १. | क्याम्पस स्थापना | वि. सं. २०१९ | |
| २. | प्रवीणता प्रमाण पत्र तहको सम्बन्धन | वि. सं. २०२३ | |
| ३. | मानविकी सङ्कायतर्फ स्नातक तहमा कक्षा सञ्चालन | वि.सं. २०३५-२०३६ | |
| ४. | क्याम्पस बहुमुखीका रुपमा प्रमाण पत्र तहमा कानुनको कक्षा सञ्चालन | वि.सं. २०४२-२०४३ | |
| ५. | शिक्षाशास्त्र सङ्कायमा स्नातक कक्षा सञ्चालन | वि. सं. २०५१ | |
| ६. | विविएसको कक्षा सञ्चालन भएको र तीनवर्षे स्नातक शिक्षाको कार्यक्रम त्रिविको नियमित कार्यक्रम अन्तरगत समावेश | वि. सं. २०५८ | |
| ७. | समाजशास्त्र र मानवशास्त्रमा स्नातकोत्तर कार्यक्रम सञ्चालित | २०५९/०६० | |
| ८. | एक वर्षेविएड र नेपालीमा स्नातकोत्तरको कक्षा सञ्चालन | २०५९/०६० | |

| | | | |
|---|---|---|---|
| ९. | शिक्षाशास्त्र सङ्कायतर्फ नेपाली, पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा स्नातकोत्तर तहको कक्षा सञ्चालन | २०६६/०६७ | |
| १०. | व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तह र विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा स्नातकतर्फका कक्षाहरु सञ्चालन भएको | २०६८/०६९ | |
| ११. | विविएको कक्षाहरु सञ्चालन भएको | २०७५/०७६ | |
| १२. | क्याम्पसले स्वायत्तता प्राप्त | २०७७ | |
| १३. | गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्राप्ति | २०८१ | |
| १४. | हाल अध्ययनरत विद्यार्थी सङ्ख्या २०८१ | २,२०६ | |
| १५. | कुल शिक्षक सङ्ख्या | ६७ | |
| १६. | कुल कर्मचारी सङ्ख्या | २३ | |

स्रोतः क्याम्पस प्रशासन, २०८१ ।

## २. शैक्षिक अवस्था

हाल यस क्याम्पसमा अध्ययनरत सबै तहमा गरी २,२०६ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यस मध्ये औसतमा ३८ प्रतिशत उत्तीर्ण दर, बिचैमा कक्षा छाड्ने विद्यार्थीहरू करीब ४० प्रतिशत रहेको अवस्था छ । शैक्षिक जनशक्तिहरूमा दुई जना प्राध्यापक, एक जना सहप्राध्यापक, २५ जना उपप्राध्यापक, एक जना प्रशिक्षक, पाँच जना त्रिवि करार, २१ जना आन्तरिक करार, ९ जना कोर्स करार र दुई जना आंशिक शिक्षक रहेको अवस्था छ । यसै गरी लाईब्रेरीको आफ्नै भवन निर्मित छ । यस पुस्तकालयमा ३० हजारभन्दा बढी पुस्तकहरु रहेका छन् ।

## ३. भौतिक सम्पतिको अवस्था

यस क्याम्पसको आफ्नै नाममा रहेको ८८ रोपनी जग्गा छ । कुल पाँच ओटा शिक्षण भवनमा ४५ वटा कक्षा कोठाहरु रहेका छन् । यसमध्ये १३ वटा कक्षा कोठामा मल्टिमिडियाको व्यवस्था गरिएको छ । सपिङ कम्प्लेक्स सहित उपल्लो हातामा ७ वटा ब्लक /भवन र तल्लो हातामा ५ वटा आवासीय ब्लक/भवन रहेका छन् ।

## ४. आदर्श वाक्य, भिजन, मिसन, मूल मान्यता, उद्देश्य र लक्ष्यहरु

**आदर्श वाक्य** : गुणस्तरीय शिक्षा : हाम्रो प्रतिबद्वता ।

**दूरदृष्टि** : शैक्षिक उत्कृष्टतामार्फत समृद्व, सभ्य र समतामूलक समाजको प्रवर्द्धन गर्ने ।

**ध्येय** : प्रवीणता, विवेकशीलता र समानतालाई महत्व दिने गुणस्तरीय शिक्षाको शैक्षिक वातावरण सिर्जना गर्ने ।

**मूल मान्यताहरू** : गुणस्तर, समानता, न्याय, समावेश, पारदर्शिता, सामुहिक भावना र सामुहिक कार्य, जवाफदेहिता, सुशासन र सन्तुष्टि ।

**मूल उद्वेश्य** : क्याम्पसलाई धवलागिरि क्षेत्रको शैक्षिक अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने ।

**लक्ष्य** : क्याम्पसलाई गण्डकी प्रदेशको मानित विश्वविद्यालयका रुपमा विकास गर्न आधारशीला खडा गर्ने ।

## ५. सबल तथा कमजोरी पक्षहरू र अवसर तथा चुनौतीहरू (SWOT) को विश्लेषण

गुणस्तरीय शिक्षा मूलतः क्याम्पसको जनशक्ति व्यवस्थापन, पूर्वाधार निर्माण तथा विकास, शिक्षण सिकाइ क्रियाकलाप, अनुसन्धान तथा विकास र वित्तीय स्रोत व्यवस्थापन लगायतका पक्षहरुमा निर्भर गर्दछ । यसका अवसर र चुनौतीहरु दुबै रहेका छन् ।

सवल र कमजोरी पक्षहरु

| विषयगत क्षेत्रहरु | सबल पक्षहरु | कमजोरी पक्षहरु | कैफियत |
|---|---|---|---|
| जनशक्ति व्यवस्थापन | ✓ विविध क्षेत्रको शैक्षिक तथा अनुसन्धान सम्बन्धी अनुभवी जनशक्ति ।<br>✓ प्रविधिको प्रयोग गर्न सक्ने सक्षम जनशक्ति ।<br>✓ हरेक सङ्काय, सस्थान र विभागहरुमा जनशक्तिको व्यवस्थापन गरिएको छ । | ✓ विशेषज्ञता (विद्यावारिधि) हासिल गरेको जनशक्तिको कमी ।<br>✓ विद्यार्थी र शिक्षकहरु बीचमा सन्तुलन हुन सकेको छैन ।<br>✓ अनुसन्धानमा लाग्ने जनशक्ति कम छ ।<br>✓ प्रयोगशालामा जनशक्ति अभाव छ । | |
| शिक्षण सिकाई अभ्यास | ✓ विद्यार्थी सङ्ख्या र शैक्षिक कार्यक्रमहरु धेरै छन् ।<br>✓ शिक्षणमा मल्टिमेडियाको प्रयोग हुन्छ ।<br>✓ विद्यार्थी सङ्ख्या बढ्दो क्रममा छ र सन्तुष्टि स्तर राम्रो छ ।<br>✓ विद्यार्थीलाई स्थलगत अवलोकन तथा आन्तरिक परीक्षा लिन र सोहीअनुसार पृष्ठपोणको व्यवस्था गरिएको छ ।<br>✓ अधिकांश विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिएको छ । | ✓ विद्यार्थीहरुलाई नियमित रुपमा कक्षामा उपस्थिति गराउन र बिचैमा कक्षा छाड्नेलाई रोक्न कठिन छ ।<br>✓ जनशक्ति धेरै मानविकी तर्फ छ भने विद्यार्थी सङ्ख्या अत्यन्त न्यून छ ।<br>✓ विद्यार्थीको चाप भएका कार्यक्रममा जनशक्ति अभाव रहेको छ ।<br>✓ सबै विद्यार्थीहरुलाई आन्तरिक परीक्षामा समावेश गराउन चुनौती छ ।<br>✓ अनुसन्धानमूलक कार्यमा अधिकांश जनशक्तिलाई उत्प्रेरणा जगाउन नसकिएको अवस्था छ ।<br>✓ स्वरोजगारका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको अवस्था छ । | |
| पूर्वाधार विकास तथा व्यवस्थापन | ✓ क्याम्पसको नाममा ८८ रोपनीभन्दा बढी जग्गा जमिन रहेको ।<br>✓ साविक धवलागिरि क्षेत्रको केन्द्र भागको अति रमणीय स्थानमा क्याम्पस रहेको ।<br>✓ क्याम्पस हाताभित्र शिक्षक तथा विद्यार्थीहरुका लागि आवास, क्यान्टिन, खेलकुद मैदान भएको ।<br>✓ व्यवस्थित प्रयोगशाला, पुस्तकालय, अधिकांश कक्षा कोठामा प्रोजेक्टर, | ✓ सबैतर्फ खुला भएकाले सुरक्षामा चुनौती देखिएको ।<br>✓ छात्रवास, शिक्षक तथा कर्मचारी आवास र कभर्ड हलको अभाव भएको ।<br>✓ अध्ययन अनुसन्धानको कमी भएको ।<br>✓ निर्मित भौतिक संरचनाहरुलाई व्यवस्थित बनाउन चुनौती भएको देखिन्छ । | |

| | | | |
|---|---|---|---|
| | सेमिनार हल लगायतको व्यवस्था गरिएको छ । | | |
| अनुसन्धान तथा विकास | ✓ अनुसन्धान तथा विकासका लागि अनुसन्धान व्यवस्थापन समिति (RMC) गठन भएको ।<br>✓ RMC ले तालिम, गोष्ठि तथा सेमिनारहरु आयोजना गर्दै आएको ।<br>✓ एक स्टारवाला जर्नल, दुईवटा DOI प्राप्त जर्नल प्रकाशन गरेको ।<br>✓ अनुसन्धान खर्चको व्यवस्थापनमा एकद्वार नीति लागू गर्न पहल भएको ।<br>✓ छात्रवृति कोषको स्थापना गरिएको । | ✓ अतिरिक्त कक्षा भारले गर्दा अधिकांश शिक्षकहरुलाई अनुसन्धान कार्यमा उत्प्रेरित गर्न नसकिएको ।<br>✓ अनुसन्धानको स्रोत सङ्कलन गर्न र व्यवस्थापन गर्न चुनौती देखिएको । | |
| संस्थागत दीगोपना तथा मूल्यांकन | ✓ यस क्षेत्रको एक मात्र आङ्गिक क्याम्पस र अगुवा क्याम्पस भएको ।<br>✓ १० जना शिक्षकले PhD, ७ जनाले एमफिल गर्दै गरेको ।<br>✓ सेमिष्टर प्रणाली अन्तर्गतको उत्तीर्ण प्रतिशत अति राम्रो भएको ।<br>✓ स्वविवि तथा क्याम्पसले विविध विद्यार्थी गुणस्तर समूह बनाएर अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्दै आएको ।<br>✓ समुदायसँगको सम्बन्ध सशक्त बन्दै गएको ।<br>✓ शैक्षिक क्यालेण्डरलाई कार्यान्वयनमा ल्याइएको छ । | ✓ पुरस्कार र दण्डको नीतिलाई कार्यान्वयनमा प्रभावकारी रुपमा ल्याउन नसकिएको ।<br>✓ अभिलेखीकरण फितलो रहेको ।<br>✓ पूर्व विद्यार्थी समूहको कार्यहरुलाई प्रभावकारी बनाउन नसकिएको ।<br>✓ शैक्षिक क्यालेन्डरको प्रभावकारी कार्यान्वयनमा चुनौती रहेको छ । | |
| शैक्षिक सुधार | ✓ QAA प्राप्ति | ✓ QAA प्राप्तिको निरन्तरता दिन चुनौती भएको । | |

| | | | |
|---|---|---|---|
| वित्तिय स्रोत व्यवस्थापन र परिचालन | ✓ भौतिक तथा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न बाह्य स्रोतहरु प्राप्त भएको ।<br>✓ आय आर्जनका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिएको ।<br>✓ व्यवसायिक सटरहरु निर्माण गरी आन्तरिक आयस्रोतलाई दीगो स्रोत बनाउने प्रयत्न भएको ।<br>✓ आन्तरिक स्रोत तथा वित्तीय व्यवस्थापनमा स्वायत्तताको नीति अवलम्बन गरिएको । | ✓ भौतिक पूर्वाधार विकासमा वित्तीय अभाव भएको ।<br>✓ क्याम्पस सञ्चालनका लागि केन्द्रमा मात्र भर पर्नुपर्ने अवस्था सिर्जना भएको ।<br>✓ आन्तरिक रुपमा अध्ययन अनुसन्धानका लागि वृति विकास कोष खडा गर्न चुनौती देखिएको छ । | |

**क्याम्पसका अवसरहरु**

१. साबिक धवलागिरि अञ्चलको सदरमुकाम, कालिगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गले छोएको व्यापारिक केन्द्र भएको र पहाडी क्षेत्रका गरिब विद्यार्थीहरुले अध्ययन गर्ने क्याम्पस भएको,

२. धवलागिरि क्षेत्रका २२ ओटा क्याम्पसको अगुवा क्याम्पसको रुपमा रहेको, Deemed University को सम्भावना बोकेको,

३. गण्डकी प्रदेशको उत्कृष्ट शैक्षिक गन्तव्य तथा अनुसन्धान केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना रहेको,

४. नयाँनयाँ शैक्षिक तथा अनुसन्धान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको,

५. सस्तो लागतमा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने सम्भावना रहेको,

६. क्याम्पसको बिच भागबाट मध्यपहाडी लोकमार्ग निर्माण भएको हुँदा सो क्षेत्रमा करिब १०० ओटा व्यवसायिक भवनहरु निर्माण गरी आयस्रोतलाई दीगो बनाउन सकिने सम्भावना रहेको,

७. क्याम्पसका शैक्षिक तथा भौतिक निर्माणका कार्यक्रमहरुलाई प्रभावकारी बनाउनका लागि स्थानीय समुदाय परिचालनको प्रबल सम्भावना रहेको,

८. क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि पेसागत विकास गर्न प्राविधिक कोर्सहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको,

९. क्याम्पसको तल्लो क्षेत्रमा Adventure Tourism such as Sky Cycling, Bunji Jumping, Rock Climbing, Zeep flier लगायतका व्यवसायिक प्रयोजनाका कार्यहरु विकास गर्न सकिने सम्भावना रहेको,

१०. यो क्याम्पस आफैमा स्वायत्त क्याम्पस हुनुका नाताले पनि भौतिक, शैक्षिक तथा अनुसन्धानसम्बन्धी पूर्वाधारहरुको व्यवस्थापन गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दाताहरुबाट पर्याप्त अनुदान सहयोग प्राप्त गर्न सकिने सम्भावना रहेको,

११. विद्यार्थीको रोजाइमा रहेका र क्याम्पसको दीगो आयस्रोत बनाउन सकिने Bacher of Information and Communication Technology in Education (BICTE), Bachelor of Science in Computer Science and Information Technology (CSIT), Bachelor of Information Technology (BIT), Bachelor of Computer Applications (BCA), Bachelor of Travel and Tourism Management (BTTM), Bachelor of Arts, Bachelor of Law (BALLB) लगायतका शैक्षिक कार्यक्रमहरु थप गर्न सकिने सम्भावना रहेको छ आदि ।

**चुनौतीहरु**

शैक्षिक उपलब्धि सतप्रतिशत हासिल गर्न नसक्नुमा तपसिल बमोजिमका कमजोर पक्षहरु जिम्मेवार भएको देखिन्छन् :

१. अध्ययन तथा अध्यापनलाई **उत्पादन र बजार**सँग जोड्न नसकिएको तथा **प्रदर्शन प्रभाव**का कारण नियमित रुपमा कक्षामा उपस्थित नहुने र बिचैमा कक्षा छाड्ने विद्यार्थीहरु बढ्दो क्रममा रहेको,

२. त्रिवि ऐन नियम, स्वायत्तता नीति र QAA नीतिका बिचमा तालमेल मिलाई सोहिअनुसार कार्य गर्न गराउन चुनौती देखिएको ।

३. सञ्चालनमा रहेका कार्यक्रमहरुमा विद्यमान जनशक्ति र विद्यार्थीहरुको नयाँनयाँ विषयप्रतिको आकर्षणले गर्दा जनशक्ति व्यवस्थापनमा चुनौती देखिएको,

४. सम्पूर्ण शैक्षिक कार्यक्रमहरु प्रविधिमैत्री बनाउनु पर्ने तर विद्यमान जनशक्तिलाई प्रविधिमैत्रि बनाउन चुनौती रहेको,

५. स्वायत्तताको मूल मर्म बमोजिम आवश्यक जनशक्तिको व्यवस्थापन त्रिविबाट हुनु पर्नेमा सो हुन नसकेको,

६. सीमित शैक्षिक जनशक्ति भएको अवस्थामा पनि नीतिगत र व्याबहारिक पक्षलाई बेवास्ता गर्दै शैक्षिक जनशक्ति अन्यत्र सरुवा गरिनु,

७. अनुसन्धानका लागि आवश्यक बजेटको अभाव रहेको,

८. स्नातक तहका विद्यार्थीहरुमा नियमितताको अभाव, मानविकी सङ्काय घटदो विद्यार्थी सङ्ख्या, स्नाकोत्तर तहका विद्यार्थीहरुको पेसा व्यवसायिक व्यस्तत, विद्यार्थीहरुको कमजोर शैक्षिक धरातल, वैदेशिक रोजगारको बढ्दो आकर्षण, शैक्षिक सामग्रीको कमी, शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोग भए पनि विद्यार्थीको पहुँचमा कमी, शिक्षकहरुमा तालिम तथा प्रशिक्षणको कमी, शिक्षक तथा विद्यार्थीहरुलाई अध्ययन अनुसन्धान, अवलोकन भ्रमण गराउने नीतिगत व्यवस्थाको अभाव, उपलब्धिको समीक्षामा कार्यमूलक अनुसन्धान हुन नसक्नु, दक्ष जनशक्तिको कमी, नीतिगत तहबाट पाठ्यक्रमसँगै निर्देशिका उपलब्ध नगराउनु, बिषयगत विशेषज्ञ सेवाका लागि विविध कठिनाई रहनु लगायतका चुनौतीहरु समेत रहेका छन् ।

**सुधारका पक्षहरु**

आगामी शैक्षिक सत्रहरुमा यस क्याम्पसको अपेक्षित शैक्षिक उपलब्धि सतप्रतिशत गराउन तपसिल बमोजिका पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ :

१. पाठ्यक्रम तथा सोसँग सम्बन्धित निर्देशिका समयमा नै उपलब्ध हुनु पर्ने,
२. हरेक शिक्षकका लागि अविलम्ब एक एकओटा ल्यापटपको व्यवस्था गर्ने,
३. शिक्षकका लागि सीप विकास तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने,
४. उत्कृष्ट परीक्षा नतिजा र थप अध्ययन अनुसन्धान गर्न शैक्षिक जनशक्तिको व्यवस्था गर्ने,
५. थप व्यवस्थापन नगरिकन विद्यमान जनशक्तिको अन्यत्र सरुवा हुने परिपाटीलाई रोक्नुपर्ने,
६ रिक्त दरबन्दीमा जनशक्तिको व्यवस्थापन गर्नुपर्ने,
७. प्राज्ञिक अध्ययन अनुसन्धान तथा कार्यमूलक अनुसन्धानका आधारमा शैक्षिक उपलब्धिहरुलाई थप प्रभावकारी बनाउन विभागहरुलाई प्रोत्साहित गर्नुपर्ने,
८. शैक्षिक उपलब्धिमा सुधार गर्न सबै कक्षा कोठालाई प्रविधिमैत्री बनाउने,
९. आयआर्जन र सीपसँग जोडिने शैक्षिक कार्यक्रमहरु आवश्यकताका आधारमा थप गर्दै जानुपर्ने, आदि ।

**६. आगामी चार वर्षपछि हुने धवलागिरि बहुमुखी क्याम्पसको स्वरुप**

धवलागिरि बहुमुखी क्याम्पसले तय गरेको आदर्श वाक्य, दुरदृष्टि, ध्येय तथा लक्ष्य परिपूर्ति गर्न र QAA प्राप्तिका लागि गरेका कार्यलाई साकार पार्न क्याम्पसले आगामी आर्थिक वर्षहरुका लागि प्रस्ताविक कार्ययोजना अगाडि सारेको छ । क्याम्पसले अगाडि सारेका प्रस्तावित नीति तथा कार्यक्रमहरु, सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु र अपेक्षित परिणामहरुलाई तपसिलमा उल्लेख गरिएको छ :

## नीति

१. शैक्षिक तथा प्रशासनिक गतिविधिलाई थप प्रभावकारी बनाउन **आदेश श्रृंङ्खलाको नीति** ( Policy of Chain of Command) लागु गर्ने,
२. सेवा सुविधा र कार्यसम्पादन मूल्यांकनका लागि **$Q^2$CTS Model** (Quantity, Quality, Cost, Time, र Sustainability) लागु गर्ने,
३. गुणस्तरीय शिक्षामार्फत क्याम्पसलाई मानित विश्वविद्यालय र Dhawalagiri Center for Policy Research and Development (DCePRaD) का रूपमा रूपान्तरण गर्न **विद्यार्थी मेरो भविष्य, समुदाय मेरो आधार र धवलागिरि मेरो परिवार**को नीति अवलम्बन गर्ने ।

**कार्यक्रमहरु**

१. हालको विद्यार्थी सङ्ख्यामा वृद्धि गरी २६०० पुऱ्याउने, उत्तीर्ण प्रतिशत दरमा ३८ बाट वृद्धि गरी ५० प्रतिशत पुऱ्याउने, बिचैमा कक्षा छाड्ने विद्यार्थीको दर घटाएर २० प्रतिशतमा झार्ने,
२. विद्यमान जनशक्तिलाई बढाएर करिब १०० जना शिक्षक, ३५ जना कर्मचारी र दक्ष जनशक्ति (विद्यावारिधि र दर्शनाचार्य) गरी २० जना पुऱ्याउने,
३. हाल आन्तरिक करारमा कार्यरत शिक्षकहरुलाई त्रिवि करारमा लैजान पहल गर्ने,
४. पुस्तकालयलाई प्रविधिमैत्री तथा सुविधासम्पन्न बनाउने, ई-लाइब्रेरीलाई व्यवस्थित बनाउने र एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्न श्रोतको खोजी गर्ने,

५.	आन्तरिक आयस्रोत वृद्धि गर्न स्ववियू, कर्मचारी तथा प्राध्यापकहरुको सक्रियतामा क्याम्पसले थालनी गरेको करिब एक करोडको अक्षय कोषलाई दुई करोडसम्म पुऱ्याउने,

६.	हाल सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी बनाउँदै BICTE, CSIT, BIT, BCA, BTTM, BALLB लगायतका शैक्षिक कार्यक्रमहरु समुदायको माग र विद्यार्थीको रुचिका आधारमा क्रमशः थप गर्दै जाने,

७.	शिक्षक तथा कर्मचारी आवास भवन र कभडहल निर्माणका लागि स्रोतको व्यवस्थापन गर्ने, छात्र छात्रवास भवन निर्माण प्रक्रिया अगाडि बढाई सम्पन्न गर्ने तथा नयाँ प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न गर्ने,

८.	स्वच्छ र सफा खानेपानीका लागि प्रक्रियामा रहेको बोरिङ सम्पन्न गर्ने,

९.	UNCON, USA, Texas को आर्थिक सहयोग र धबक्याको समन्वयमा स्वीकृत **फोहोर व्यवस्थापन परियोजना** सम्पन्न गर्ने,

१०.	QAA को निरन्तरताका लागि क्याम्पसका शैक्षिक तथा प्रशासनिक क्रियाकलापहरुमा थप प्रभावकारिता ल्याउन पहल गर्ने,

११.	क्याम्पसलाई धवलागिरि क्षेत्रको **नीति अनुसन्धान तथा विकास केन्द्र धवलागिरि** (Center for Policy Research and Development Dhawalagiri (D**CePRaD**) बनाउने आधारहरु खडा गर्ने,

१२.	त्रिविका उपकुलपति प्रा. डा. केशरजंङ्ग बरालद्वारा प्रस्तुत गरिएको त्रिभुवन विश्वविद्यालयको संचालन तथा व्यवस्थापनसम्बन्धी सोचपत्र, त्रिभुवन विश्वविद्यालयको समग्र सुधार कार्ययोजना (२०८० फागुन देखि २०८४ माघसम्म), **Tribhuvan University Vision 2030: Action Step and Implementation Plan** र धवलागिरि बहुमुखी क्याम्पसको पाँच वर्षीय रणनीतिक योजनाका आधारमा तयार गरिएको चार वर्षको समग्र व्यवस्थापन तथा सुधार कार्ययोजना र गर्नुपर्ने कार्यहरु बुँदा नं ७ मा उल्लेख गरिएको छ। यस बुँदामा समावेश गरिएका कार्यहरु कार्यान्वयनमा लैजानका लागि तपसिलमा उल्लेखित अवस्था अनुकूल हुनु पर्दछ :

- ✓ विषयगत जनशक्ति व्यवस्थापन,
- ✓ क्याम्पसलाई विशुद्ध प्राज्ञिक थलोका रुपमा सञ्चालन,
- ✓ क्याम्पस संघ-संगठनको हस्तक्षेपबाट मुक्त,
- ✓ सबै तहको सरकार, त्रि. वि., विश्वविद्यालय अनुदान आयोग, संघ-संस्था, समुदाय र नागरिक समाजबाट पूर्ण सहयोग आदि ।

**तालिका २ : आ. व. २०८१ माघ ०२ देखि २०८५ माघ ०१ गतेसम्म कार्ययोजना**

| क्षेत्र | वर्तमान अवस्था | आ.ब. २०८१/२०८२ | आ.ब. २०८२/२०८३ | आ.ब. २०८३/२०८४ | आ.ब. २०८४/२०८५ | कैफियत |
|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्यामा वृद्धि | २२०६ | २३०० | २४०० | २५०० | २६०० | नयाँ विषय थप भएमा |
| जनशक्ति | कर्मचारी २३ | कर्मचारी २३ शिक्षक ६७ | कर्मचारी २७ शिक्षक ७५ | कर्मचारी ३० शिक्षक ९५ | कर्मचारी ३५ शिक्षक १०० | सेवा निवृत्त हुने सङ्ख्याको आधार, थप |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षक ६७ | | | | | कार्यक्रम तथा रिक्त दरबन्दी प्राप्त भएमा |
| Dropout Rate | ४० | ३५ | ३० | २५ | २० | पढदै कमाउँदै नीति अनुरुप कार्य सम्पन्न गर्न सहज भएमा |
| विद्यावारिधि र दर्शनाचार्य | ५/५ | ६/६ | ७/७ | ८/८ | १०/१० | |
| अक्षय कोष | करिब एक करोड | करिब एक करोड बीस लाख | करिब एक करोड चालीस लाख | करिब एक करोड साठी लाख | दुई करोड | सरोकारवाला निकायको क्रियाशीलता |
| शैक्षिक कार्यक्रम थप | निरन्तरता | BICTE, CSIT, BIT, BCA, BTTM, BALLB | | | | आवश्यकता अनुसार |
| QAA को निरन्तरताका | प्रभावकारी रुपमा निरन्तरता | प्रभावकारी रुपमा निरन्तरता | प्रभावकारी रुपमा निरन्तरता | प्रभावकारी रुपमा निरन्तरता | प्रभावकारी रुपमा निरन्तरता | |
| Pass (%) | 38 | 40 | 43 | 46 | 50 | |

**तालिका ३ : क्याम्पसमा सञ्चालन गरिने क्रियाकलापहरु**

| क.स | कार्य/कियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | मिति/ समय | लागत | लक्षित समूह | उपलधि सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | गत शैक्षिक सत्रको समीक्षा, नतिजा विश्लेषण र कार्ययोजना | सम्पुर्ण विभागहरु | धवलागिरि बहुमुखी क्याम्पस, परीक्षा शाखा | असार मसान्त | आवश्यकता अनुसार | विभाग, क्याम्पस, विद्यार्थी, अनुसन्धानकर्ताहरु | गुणस्तर कायम गर्न सहज हुने | |
| २. | धवलागिरि जर्नल अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी, धवलागिरि जर्नल अफ कन्टेम्पोरेरी इसुज र प्रज्ञासारथि प्रकाशनमा सहज बनाउन कोष स्थापना गर्ने | समाजशास्त्र/मानवशास्त्र विभाग, प्राध्यापक संघ र RMC | धवलागिरि बहुमुखी क्याम्पस | असार मसान्त | आवश्यकता अनुसार | विभाग, क्याम्पस, विद्यार्थी, अनुसन्धानकर्ताहरु | प्राज्ञिक उन्नयन र गुणस्तर अभिवृद्धि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | स्नातक तथा स्नातकोत्तर तहका बिद्यार्थीलाई अभिमुखीकरण ा कार्यक्रम | सम्पुर्ण विभागहरु | धवलागिरि बहुमुखी क्याम्पस | शैक्षिकसत्रको प्रारम्भमा | आवश्य कता अनुसार | बिद्यार्थीहरु | नियमित पठनपाठन मा सहजता हुने | |
| ४. | स्नातक तह प्रथम वर्षका विद्यार्थीलाई स्थलगत अध्ययन अनुसन्धानमा लैजाने | सम्पूर्ण विभागहरु | धवलागिरि बहुमुखी क्याम्पस, आर.एम.सी | कात्तिक/ मंसिर | आवश्य कता अनुसार | स्नातक तह प्रथम बर्षका विद्यार्थीहरु | प्रतिवेदन, लेख रचना प्रकाशन हुने | |
| ६. | सवै तह र वर्षका बिद्यार्थीहरुलाई आवश्यकता अनुसार स्थलगत अध्ययन अनुसन्धानमा लैजाने | सम्पुर्ण विभागहरु | धवलागिरि बहुमुखी क्याम्पस, आर.एम.सी | मंसिर अन्तिम साता भित्र | आवश्य कता अनुसार | स्नातक तह द्धितीय बर्षका विद्यार्थीहरु | प्रतिवेदन, लेख रचना प्रकाशन हुने र सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उर्तान मद्दत मिल्ने | |
| ७. | हरेक महिना फयाकल्टी बैठक बस्ने, शिक्षण, सिकाइ, आन्तरिक परीक्षा, अध्ययन अनुसन्धान, नतिजा विश्लेषण तथा समीक्षा गर्ने | सबै विभागहरु | धवलागिरि बहुमुखी क्याम्पस | हरेक महिनाको अन्तिम हप्तामा | आवश्य कता अनुसार | विद्यार्थी, शिक्षक, क्याम्पस, समुदाय | शक्षिक गुणस्तर बृद्धि गर्न मद्धत पुग्ने | |
| ८.. | स्नातकोत्तर तह चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थीलाई शोधपत्र अभिमुखीकरण ा कार्यक्रम | सम्बन्धित विभाग र RMC | धवलागिरि बहुमुखी क्याम्पस | फागुन | आवश्य कता अनुसार | स्नातकोत्तर तह चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरु | बिषयवस्तु बुझ्न सहज हुने र शोधपत्र लेखनमा मद्दत पुग्ने | |
| ९. | शिक्षकको लागि तालिम, सेमिनार गोष्ठी | सम्बन्धित विभाग र RMC | क्याम्पस आर.एम.सी | निरन्तर | आवश्य कता अनुसार | विद्यार्थी, शिक्षक, क्याम्पस, समुदाय | शैक्षिक गुणस्तर अभिबृद्धि तथा लेखन सक्षमतामा मद्दत पुग्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. | विद्यार्थी सङ्ख्या ा अभिवृद्धि | सम्बन्धित विभाग | धवलागिरि बहुमुखी क्याम्पस, | निरन्तर | आवश्य कता अनुसार | विद्यार्थी, शिक्षक, समाज | बिद्यार्थीलाई आर्कषण गर्न मद्दत हुने | |
| ११. | गोष्ठी तथा सेमिनार संचालन गर्ने | सम्बन्धित विभाग तथा RMC | धवलागिरि बहुमुखी क्याम्पस, RMC, विश्वबिद्यालय अनुदान आयोग | निरन्तर | आवश्य कता अनुसार | शिक्षक, कर्मचारी र विद्यार्थीहरु | दक्षता अभिबृद्धि गर्न मद्दत पुग्ने | |
| १२. | IQAC | क्याम्पस | क्याम्पस | | | | प्रभावकारी रुपमा कार्यक्रमको कार्यान्वयन हुने र QAA मा दीगोपना आउने | |
| १३. | उपसमिति गठन | क्याम्पस | क्याम्पस | | | शिक्षक, कर्मचारी र विद्यार्थीहरु | जिम्वेवारिता र जवाफदेहितामा अभिवृद्धि हुने | |
| १४. | उत्प्रेरणा | शिक्षक, कर्मचारी र विद्यार्थीहरु | क्याम्पस | | | शिक्षक, कर्मचारी, विद्यार्थीहरु र अभिभावक | सेवाप्रवाहमा प्रभावकारिता हुने | |
| १५. | जिम्वेवारीता र जवाफदेहीता | विभागीय प्रमुख, शाखा प्रमुख, कार्यक्रम तथा समिति संयोजक, शिक्षक, कर्मचारी, विद्यार्थीहरु | सरोकारवालहरु | | | क्याम्पस परिवार र नागरिक समाज | सेवाप्रवाहमा प्रभावकारिता हुने | |

७. धवलागिरि बहुमुखी क्याम्पसको अपेक्षित परिणामहरु

(आ. व. २०८१ माघ ०२ देखि २०८५ माघ ०१ सम्म)

## Expected Outcome-1

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|
| **1.** | **Educational Programs and Achievements** | | | |
| Bachelor | | 5 (BA, BEd, BBS, BSc, BBA) | BCA & BICTE | 7 |

| | | | |
|---|---|---|---|
| Master | 6 (MBS, MA- Sociology/ Anthropology, Nepali, MEd.- Nepali, Curriculum and English) | MA in English | 7 |
| Students (Nos.) | 2,206 | 394 | 2,600 |
| Pass (%) | 38 | 12 | 50 |
| Dropout Rate (%) | 40 | 15 | 20 |

**Proposed Strategies**

- ✓ Preparation and implementation of Academic Calendar of DMC according to TU Calendar.
- ✓ Increase public linkage visiting parents at their home and reward them.
- ✓ Conduct motivational training for the betterment of education.
- ✓ Conduct internal exam and remedial classes and provide feedbacks.
- ✓ Prepare and implement Non-credit courses for skill development.
- ✓ Provide scholarship to students and also involve them in Co /Extra -curricular activities.
- ✓ Manage sufficient textbook and reference books.
- ✓ Implement paid internship program for the students collaborating with different institutions **(Learning by Earnings Campaign).**
- ✓ Cooperation with T.U. authorities for financial, technical and other supports.
- ✓ Preparation of annual plan and teaching plan, maintaining appraisal system, using multimedia and ICT for the enhancement of pass % and quality of education.

## Expected Outcome-2

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|
| **2.** | **Human Resources** | | | |
| Teaching Staff | | 67 (PhD-5, Mhil-3, Permanent-29, TA-5, Full Time-21, Course Contact-10 and Part Time-2) | 25 (PhD-7, Mphil-13 = 20) | 100 |
| Non-teaching Staff | | 23 | 12 | 35 |

**Proposed Strategies**

- ✓ Appoint full time faculties in support of T.U. authorities and provide the opportunities of further study for existing staff.
- ✓ Maintain minimum 42 hours in campus for full time faculties with academic activities.
- ✓ Manage high level staff for digital system providing the opportunities of training for effective service delivery.
- ✓ Cooperate among all to functionalize quality enhancement directives for the betterment of team spirit and quality enhancement based on **fieldwork, hard work and Net-work**.
- ✓ Provide skill and career development training for all staff as per the requirements or at least one each year.

## Expected Outcome-3

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|

| 3. | **Research and Development (R&D)** | | | |
|---|---|---|---|---|
| Publications | | 3 (Dhaulagiri Journal of So/Anthro., Contemporary Issues and Praghya Sarathi) | 1 | 4 |
| One Star Journal | | 1 | 1 | 2 |
| Faculties Published Articles | | 12 | 12 | 24 |
| Paper Presenters | | 5 | 10 | 15 |
| Peer reviewers | | 4 | 6 | 10 |
| Seminar (Yearly) | | 1 | 2 | 3 |
| Research Abstract Presentation | | 6 | 14 | 20 |
| Mini-research | | 8 | 16 | 24 |
| Educational and Skill Exchange Visit for all (Yearly) | | 5 | 12 | 17 |
| Research Budget (Operating cost) | | Below 5 % | | Above 5 % |

**Proposed Strategies**

- ✓ Support teaching and non-teaching staff on research.
- ✓ Transform RMC into **Center for Policy Research and Development Dhawalagiri (DCePRaD) for ACADEMIC EXCELLENCE.**
- ✓ Make Nepjol. Article publication as a **major tool of performance measurement** for teaching staff.
- ✓ Collaborate with different organizations for research grants and sign on MOU with them.

## Expected Outcome-4

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|
| **4.** | **Infrastructure Development** | | | |
| Total class rooms | | 45 | 5 | 50 |
| Class rooms with multimedia | | 13 | 15 | 28 |
| Covered Hall | | 0 | 1 | 1 |
| Laboratory | | | | Upgrading |
| E-library | | | | Upgrading |
| Canteen Capacity (Nos.) | | 50 | 50 | 100 |
| Staff Accommodation Facility | | 12 Families | 5 Families | 17 Families |
| Hostel Accommodation for Students | | 102 (72 Girls & 30 Boys) | 20 Boys | 122 |
| Service Delivery | | Manual | | Fully Digital |

**Proposed Strategies**

- ✓ Properly manage computer lab.

| |
|---|
| ✓ Coordinate with T.U., Federal Government, Province Government and Local Government as well as Indian Embassy to establish well equipped covered hall, class rooms, boys' hostels and staff accommodation.<br>✓ Manage fully digital software service and enhance EMIS.<br>✓ Install underground water pumping system. |

## Expected Outcome-5

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|
| **5.** | **Financial Sustainability** | | | |
| No. of Scholarship Funds | | 5 | 5 | 10 |
| Scholarship Funds (NRS. in Crore) | | Nearly 1 | 1 | 2 |

**Proposed Strategies**

- ✓ Approach to different donors.
- ✓ Launch new programs and construct additional shopping complex.
- ✓ Coordinate to Alumni Association and other stakeholders.
- ✓ Introduce e-billing system.
- ✓ Form internal audit committee to minimize operating cost.
- ✓ Make fund trust effective.
- ✓ Establish Staff club within the campus.
- ✓ Honor the founders and their family members.

## Expected Outcome-6

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|
| **6.** | **Good Governance** | | | |
| T.U. Acts, Regulations and Guidelines | | | | Fully implement |
| Staff Satisfaction | | | | Enhancing |
| Students Expectations | | | | Fulfilling |
| Public Concerns | | | | Linking and addressing |

**Proposed Strategies**

- ✓ Team spirit enhancement applying the policy of rewards and punishment.
- ✓ Encourage staffs as a family members and behave equally to all.
- ✓ Applying the motto of **respect to work, not only a post and position.**
- ✓ Make responsible to every personnel's in their own departments, committee, sub-committees and different administrative sections.
- ✓ Felicitate the public, parents and founders.
- ✓ Prepare different academic and research procedures of DMC, Baglung.
- ✓ Implement the **Policy of Chain of Command** for conducting of academic and administrative systems.
- ✓ Evaluation and facilities for all will be based on $Q^2$CTS Model (Quantity, Quality, Cost, Time and Sustainability).

### Expected Outcome-7

| S.N. | Performance Indicators | Existing Situation | Addition in Between | Targets |
|---|---|---|---|---|
| **7.** | **Quality Assurance and Accreditation (QAA)** | | | |
| QAA | | Obtained | Regularity | Effective Regularity |
| **Proposed Strategies** | | | | |
| ✓ Be responsible and make responsible to obtain 1-6 expected outcomes. | | | | |

## ९. निष्कर्ष

निष्कर्षमा धबक्या, बागलुङको शैक्षिक सत्र २०८१/०८२ देखि २०८४/०८५ सम्ममा अपेक्षित लक्ष्य पूरा हुने गरी विद्यार्थी सङ्ख्यामा वृद्धि, जनशक्तिको व्यवस्थापन, बिचैमा कक्षा छाड्ने दरमा कमी, विद्यार्थी संख्यामा वृद्धि, प्राज्ञिक उन्नयन (विद्यावारिधि र दर्शनाचार्य), अक्षय कोष वृद्धि, शैक्षिक कार्यक्रम थप, QAA को निरन्तरता र प्रभावकारी शैक्षिक प्रशासन सुसञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ । साथै तालिका नं ३ मा उल्लेख भएबमोजिमका क्रियाकलापहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लगिनेछ ।

**सन्दर्भसामग्री सूची**

बराल, केशरजंङ्ग (२०८०), **त्रिभुवन विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सोच-पत्र** २०८०, त्रि. वि., नेपाल ।

धबक्या, बागलुङ (२०८०), **क्याम्पसको रणनीतिक योजना** (२०८०/०८१–२०८५/०८६), धवलागिरि बहुमुखी क्याम्पस (धबक्या), बागलुङ ।

धबक्या, बागलुङ (२०८०), **आन्तरिक अभिलेख २०८१**, धवलागिरि बहुमुखी क्याम्पस (धबक्या), बागलुङ ।

Tribhuvan University (2019). **Tribhuvan University vision 2030: Action step and implementation plan**. T. U., Nepal.